मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०८०/०१/२५ बैठक सङ्ख्याः १२

बैठक प्रारम्भ समयः १२:०० बजे अपरान्ह बैठक समापन समयः ०५:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| 1. | श्री लक्ष्मी मगर | क.अ. | | |
| 2. | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. ०१, अघिल्लो वैठक समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. ०१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँकार्यपालिकाको मिति २०७९ चैत्र २१ गते र मिति २०८० वैसाख १० गते बसेको बैठक निर्णय बारेमा समिक्षा गरियो ।

**प्रस्ताव नं. ०२, मिति २०७९ चैत्र २१ गतेको कार्यपालिका बैठकको निर्णय नं. १० (राहत रकम दिने) सच्याउने सम्बन्धमा ।**

**निर्णय नं. ०२,** प्रस्ताव नं. ०२ माथी छलफल गर्दा मिति २०७९ चैत्र २१ गतेको कार्यपालिका बैठकको निर्णय नं. १० को बमोजिम मिक्वाखोला गाउँपालिका वडा नं. ०३ लिवाङ निवासी तितेन्द्र कुमार लिम्बुको घर २०७९ साउन ११ गतेको बाढीपहिरोले बगाएको हुँदा निजको निवेदन माग बमोजिम घर मुनि ठेस गाह्रो निर्माण गर्नुपर्ने भएको हुँदा उक्त कार्यक्रमको लागि रु. १,५०,०००।– (अक्षरेपी एक लाख पचास हजार) विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०३, मिति २०८० वैसाख १० गतेको कार्यपालिका बैठकको निर्णय नं. ०१ (भुमि वर्गिकरणको लागि बजेट विनियोजन) सच्याउने सम्बन्धमा ।**

**निर्णय नं. ०३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस पालिका भित्र रहेको भुमि वर्गिकरण गर्नको लागि ९ लाख बजेट विनियोजन गरि प्रक्रिया बमोजिम विषय विषेशज्ञ हायर गरी यथासक्य चाडो भुमि वर्गिकरण गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०४. गोलिया निकासाको म्याद थप सम्बन्धमा।**

**निर्णय नं. ०४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८० वैसाख ११ गतेको सूचनामा वैसाख २५ गते सम्ममा गोलिया निकासा गरिसक्नु पर्ने उल्लेख भएकोमा सम्बन्धित सरोकारवालाहरुले गोलिया निकासा भई नसकेकोले गोलिया विग्रिने भएको भनि निवेदन पेश गरेकोले आजको मितिबाट १५ दिन म्याद थप गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०५, एम्बुलेन्स खरिदको लागि रकम माग सम्बन्धमा ।**

**निर्णय नं. ०५,** प्रस्ताव नं. ०५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका साँवा स्वास्थ्य चौकी र खोक्लिङ स्वास्थ्य चौकीको लागि आवश्यक पर्ने २ वटा एम्बुलेन्स खरिदको लागि नेपाल सरकार सँग करछुटको निवेदन भई करछुटको पत्र समेत प्राप्त भइ सम्बन्धित सप्लायर्स सँग खरिदको लागि सम्झौता समेत भईसकेकोले एम्बुलेन्स आपुर्ती र दाखिला हुनु अगावै सप्लायर्सलाई भुक्तानी दिनुपर्ने भएकोले उक्त २ थान एम्बुलेन्स खरिदको लागि आवश्यक पर्ने रकम मध्ये १ थान बराबरको मूल्य मध्यमेवा जलविद्युत आयोजना र अर्को १ थान बराबरको मूल्य सानीमा मिडिल तमोर आयोजना सँग रकम माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ०६, प्रशासकीय भवन निर्माण साझेदारी सम्बन्धमा ।**

**निर्णय नं. ०६,** प्रस्ताव नं. ०६ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि आर्थिक श्रोत व्यवस्थापन गर्ने सन्दर्भमा **"स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९"** को दफा ११ ले व्यवस्था गरे अनुसार भवन निर्माणको लागि स्वीकृत भएको रु. ९,४९,४३,७०३.१२ को ४०% ले हुने रकम रु. ३,७९,७७,५००।– व्यहोर्ने प्रतिवद्धता गर्ने तर ताप्लेजुङ जिल्ला हिमाली जिल्लामा पर्ने विकट र दुर्गम गाउँपालिका भएको कारण र आन्तरिक श्रोत समेत अत्यन्त न्यून भएको कारणले ८०% अनुदान रकम संघीय सरकार सँग माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०७, कर्मचारीहरूको तह वृद्धि बारेमा लोकसेवा सँग परामर्श माग सम्बन्धमा ।**

**निर्णय नं. ०७,** प्रस्ताव नं. ०७ माथि छलफल गर्दा कोशी प्रदेश सरकारले जारी गरेको "स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्थ जारी गरेको अध्यादेश" बमोजिम यस स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा प्रक्रिया अगाडी बढाउनको लागि आवश्यक परामर्श गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०८, निर्माणाधिन २ नं. वडा कार्यालय भवन सम्बन्धमा ।**

**निर्णय नं. ०८,** प्रस्ताव नं. ०८ माथी छलफल गर्दा निर्माणाधिन २ नं. वडा कार्यालय भवनको काम केहि दिनबाट रोकिएको हुनाले के कारणले रोकिएको हो? सम्बन्धित ठेकेदार, पालिका स्तरिय अनुगमन समिति र साईट ईन्चार्ज समेतले संयुक्त अनुगमन गरि आवश्यक निर्णय गरि निर्माणको काम अघि बढाउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०९, जिल्ला समन्वय समितिमा रकम सम्झौता गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०९,** प्रस्ताव नं. ०९ माथी छलफल गर्दा तत्कालिन जिल्ला विकास समितिमा रहेको आन्तरिक आय बाँडफाँडबाट यस पालिकालाई प्राप्त हुने रु. ४०,००,०००।– (चालिस लाख रुपैया) बाट मिक्वाखोला गाउँपालिका वडा नं. ०२ मा निर्माणाधिन वडा कार्यालय भवन निर्माणको लागि विनियोजन गर्ने र सम्झौता गर्नको लागि योजना शाखा प्रमुखलाई पठाउने साथै निकासा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०, मासिक प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा रहेको प्रत्येक शाखाले आफ्नो शाखाबाट भएको कामको मासिक प्रगति विवरण प्रत्येक महिनाको २५ गते अर्थात कार्यपालिकाको नियमित दोश्रो वैठकमा पेश गर्नुपर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११, सूचना तथा संचार सम्झौता गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस गाउँपालिकाबाट प्रशारण गर्नुपर्ने सम्पुर्ण सूचनाहरु एक आ.व. सम्म प्रशारण गर्नको लागि ताप्लेजुङ जिल्लामा संचालित तमोर एफ र ताप्लेजुङ एफएम सँग प्रत्येक एफएम बराबर १,५०,०००।– को दरले सम्झौता गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२, सुकुम्बासी तथा अव्यवस्थित वसोबास सहजिकरण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि छलफल गर्दा सुकुम्बासी तथा अव्यवस्थित बसोबास सहजिकरण समिति गठन गर्नको लागि सर्वदलिय वैठक राखी तत्कालै समिति गठन गर्ने गराउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३, पालिकाको लोगो टाँस गर्न अनुमति सम्बन्धमा ।**

**निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि छलफल गर्दा ढोक्प्या लर्निङ ग्राउण्डस् गाउँपालिकाको लोगो साइनवोर्डमा प्रयोग गर्न अनुमति पत्र माग भई आएकोले उक्त संस्थालाई गाउँपालिकाको लोगो टाँस गर्ने अनुमति दिने निर्णय पारित गरियो ।

***आजको वैठक यहि अन्त्य गरियो ।***